# मिति २०७६/०१/१७ गतेको कार्यपालिका बैठकको निर्णय

**प्रस्ताव नं. १ : स्वागत सम्बन्धमा ।**

**निर्णय नं. १** :यस नगरपालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सरुवा भई आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री टोपेन्द्रबहादुर के.सी.लाई सम्पूर्ण कार्यपालिका सदस्यहरुबाट स्वागत साथै परिचयात्मक कार्यक्रम गरियो ।

**प्रस्ताव नं. २ : कार्यविधि तथा नियमावली स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं. २** : यस नगरपालिकाको विधेयक समितिबाट पेश भएको कार्यविधि तथा नियमावली उपर दफावार छलफल गरियो । पेश भए बमोजिम तपसिल बमोजिमको कार्यविधि तथा नियमावली स्वीकृतगर्ने निर्णय गरियो ।

क) टीकापुर नगरपालिकाको पूवार्धार आयोजना मर्मत सम्भार सम्वन्धी कार्यविधि, २०७६

ख) टीकापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली ,२०७६

ग) टीकापुर नगरपालिका विपद् व्यवस्थापन कोष (सञ्चालन ) कार्यविधि, २०७६

**प्रस्ताव नं. ३ : तराई मधेश समृद्धि कार्यक्रम अन्तरगत आयोजना तथा कार्यक्रम पेश सम्बन्धमा ।**

**निर्णय नं ३** : सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तराई-मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय इकाई, नयाँ बानेश्वर काठमाडौंको प.सं. ०७५/०७६, च.नं.७०, मिति २०७५/१२/२९ को परिपत्र बमोजिम तराइ-मधेश समृद्धि कार्यक्रम अन्तरगत आ.व. ०७६/०७७ का लागि तपसिल बमोजिमका योजना छनौट गरी स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

| क्रसं | प्रस्तावित आयोजना/कार्यक्रमको विवरण | कार्यक्रम संचालन हुने स्थान | अनुमानित लागत | | | आयोजना सम्पन्न हुने अवधि | पुस्टयाइ |
|---|---|---|---|---|---|---|---|
| | | | केन्द्रिय अनुदान | स्थानीय तहबाट बेहोरिने रकम( न्यूनतम) २० प्रतिशत | जम्मा | | |
| १ | टीकापुर पार्कबाट दौलतपुरघाट जाने बाटो कालोपत्रे निर्माण आयोजना | वडा नं ५ | २ करोड | ५० लाख | २ करोड ५० लाख | आव ०७६/०७७ | पर्यटकीय स्थल तथा दुई प्रदेश जोडने सडक |
| २ | रामपुर चौराहबाट घिया स्कूल हुँदै पुछरी जानेबाटो कालोपत्रे निर्माण आयोजना | वडा नं ३ | २ करोड | ५० लाख | २ करोड ५० लाख | आव ०७६/०७७ | विद्यालय जोडने सडक |
| ३ | हुलाकीरोडबाट वडा कार्यालय हुदै खक्रौला भन्सार जोड्ने सडक कालोपत्र निर्माण आयोजना। | वडा नं ८ | २ करोड | ५० लाख | २ करोड ५० लाख | आव ०७६/०७७ | वडा कार्यालय तथा मूल भन्सारनाका जोडने सडक |
| ४ | बनगाउं लौटन चौधरीको घरबाट दक्षिण विचका पुरुवा हुदै जमरापुल भएर रामपुर चौराहा | वडा नं १ र ३ | २ करोड | ५० लाख | २ करोड ५० लाख | आव ०७६/०७७ | दुई वटा वडा जोडने सडक |

नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जोड्ने सडक कालोपत्र निर्माण आयोजना | | | | | | |
| ५ | बनगाउं उत्तरपुरुवा लौटन चौधरीको घर हुंदै बनगाउं स्कूल जाने बाटो कालोपत्रे निर्माण आयोजना | वडा नं १ | २ करोड | ५० लाख | २ करोड ५० लाख | आव ०७६/०७७ | विद्यालय जोडने सडक |
| ६ | सामुदायिक प्रहरी सेवा केन्द्रको भवन निर्माण आयोजना | वडा नं ४ | ८० लाख | २० लाख | १ करोड | आव ०७६/०७७ | मेलमिलाप केन्द्रको पुर्वाधार विकास गर्न । |
| ७ | आखा अस्पताल देखि शहरी स्वास्थ्य केन्द्र विजयनगरको सडक कालोपत्रे निर्माण आयोजना । | वडा नं २विजयनगर | २ करोड | ५० लाख | २ करोड ५० लाख | आव ०७६/०७७ | दुई वटा वडा जोडने तथा स्वास्थ्य सेवा केन्द्र जोडने बाटो भएको । |
| ८ | खक्रौला सडक देखि भगरैया राणाको घरहुंदै ज्योतीनगर स्कूल भएर जानेबाटो कालोपत्रे निर्माण आयोजना | वडा नं १ | २ करोड | ५० लाख | २ करोड ५० लाख | आव ०७६/०७७ | अल्पसंख्यक समुदायको बस्ती तथा जानकी गांउपालिका जोडने बाटो |
| ९ | सोनाफाटा जमाकि देखि डल्फिन क्षेत्र अवलोकन स्थल जाने सडक स्तरोन्नती कार्य । | वडा नं ७ | २ करोड | ५० लाख | २ करोड ५० लाख | आव ०७६/०७७ | पर्यटकीय क्षेत्र जोडने सडक । |
| १० | वडा नं ९ को नेपालको भारतसंग जोडीएको सिमाना देखि पायल गाउं हुदै बौनिया भुंगा हुदै हुलाकी सडक जोडने सडक स्तरोन्नती कार्य । | वडा नं ९ | २ करोड | ५० लाख | २ करोड ५० लाख | आव ०७६/०७७ | सिमानाका जोडने सडक |
| ११ | नारायणपुर चोकबाट पर्सैनी हुदै वडा नं ६ को वडा कार्यालय जाने बाटो कालोपत्रे निर्माण आयोजना | वडा नं ६ | २ करोड | ५० लाख | २ करोड ५० लाख | आव ०७६/०७७ | वडा कार्याय जोडने सडक |
| कुल जम्मा रु | | | २० करोड ८० लाख | ५ करोड २० लाख | २६ करोड | | |

नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. ४ : बाटोको लगत कट्टा सम्बन्धमा ।**

**निर्णय नं ४ :** यस नगरपालिकाको ३ नम्वर वडा कार्यालयको प.सं. ०७५/०७६, च.नं.१०६९, मिति २०७६/०१/१२ गतेको पत्रबाट सिफारिस भई आए बमोजिम टीकापुर नगरपालिका , वडा नं. ३ ( साविक टीकापुर वडा नं. ६) कि.नं.४५४, ६९८, ६९७, २८९, ७०७, र ७०८ को क्षेत्रफल ३३८.६३, २३६८, ३३८.६३, २००९.०४, १३५४.५२ र २०३१.७८ जग्गा मध्ये पशुपतिनाथ प्रा.वि. देखि पश्चिम, उत्तर तर्फको बाटोको लगत कट्टाको लागि सिफारिस भए बमोजिम सम्बन्धित जग्गाधनीको जग्गाबाट लगत कट्टा गरी नगरपालिकाको मापदण्ड बमोजिम २० फिट कायम हुने गरी बाटो कायमका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ :बजेट शिर्षक र रकम संशोधन सम्बन्धमा ।**

**निर्णय नं. ५ : क)** यस चालु आ.व. ०७५/०७६ का लागि स्वीकृत भएका तपसिल बमोजिमको बजेट शिर्षक तथा कार्यक्रम संशोधन गर्नुपर्ने भएकोले तपसिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| क.सं. | साविकको कार्यक्रम | | संशोधन गर्नुपर्ने कारण | नयाँ कार्यक्रम | | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | रकम | | कार्यक्रम | रकम | |
| १ | शहरी स्वास्थ्य केन्द्र थप ( कर्मचारी व्यवस्थापन) | १,९२,०००।- | नया स्थापित शहरी स्वा.के. मा मर्मत सम्भार र आवश्यक सामाग्री खरिद गर्नुपर्ने भएकोले | मनिकापुर र सत्ती शहरी स्वास्थ्य केन्द्रका लागि मर्मत सम्भार तथा सामग्री खरिद ( पूंजीगत) | १,९२,०००।- | |
| २ | पूरानो पकेट निरन्तरता ( प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना | २८०,०००।- | कायम रहेको ७ वटा पकेट क्षेत्र मध्ये ५ वटा पकेटंक्षेत्रमा कृषि ज्ञान केन्द्र कंचनपुरबाट संचालन हुनेभई कार्यक्रममा दोहोरोपन हटाउन | क)धान उत्पादन प्रदर्शन कार्यक्रम<br>ख) बर्षे तरकारी उत्पादन प्रदर्शन कार्यक्रम<br>ग) पुरानो पकेट निरन्तरता | १,००,०००।-<br>१,००,०००।-<br>८०,०००।- | (स्वीकृत रकम मध्ये रु.८० हजार सोही कार्यक्रममा खर्च गरिने) |
| ३ | आई पी एम पाठशाला कक्षा सञ्चालन २वटा, वडा नं. ७ | १,६०,०००- | आई.पि. एम पाठशाला सन्चालनका लागि समय १६ हप्ता नपुग्ने भएकोले | क) कृषकहरुलाई धानको विउ वितरण कार्यक्रम<br>ख) सोही कार्यक्रम ( आई.पी.एम पाठशाला कार्यक्रम) | ८०,००० ।-<br>८०,००० ।- | स्वीकृत रकम मध्ये रु. ८० हजार सम्बन्धित कार्यक्रममा खर्च भई सकेको |
| | | | | | | |

ख) यस टीकापुर नगरपालिकाको मिति २०७५/०३/२९ गतेको नगर सभाबाट स्वीकृत केन्द्रस्तरबाट विनियोजित कार्यक्रमहरु (टीकापुर नगरपालिकाको विनियोजन ऐन, २०७५) अन्तर्गत क्र.सं.२७ मा चालु प्रकृतिका कार्यक्रममा एकमुष्ठ रु ८,००,०००।- (आठ लाख) र क्र.सं. २८ मा पूंजीगत प्रकृतिका कार्यक्रममा एकमुष्ठ रु.१२,००,०००।-(बाह्र लाख) गरी जम्मा रु. २०,००,०००।-(वीस लाख) विनियोजन भएकोले उक्त दुवै कार्यक्रमलाई मिति२०७५ साल भाद्र ०३ गतेको नगर कार्यपालिकाको बैठकबाट ब्रेकडाउन गरी हालसम्म चालु प्रकृतिका केही काम भएता पनि पूँवीगत कामहरु सुचारु भएको नदेखिएको हुँदा साविकका कार्यक्रमहरु यथावत राखी यो आर्थिक वर्षसम्म खर्चगर्न नसकिने कामहरुको सन्दर्भमा केहि शिर्षकको बजेट थपघट गर्न र स्वीकृत बजेटबाट सम्भव भएका केहि नयाँ थप कामहरु गर्न तपसिल बमोजिमको आयोजनामा रकम संशोधन गर्ने निर्णय गरियो ।

<u>तपसिल:</u>

| स्वीकृत बजेट (पुँजीगत तर्फ) | | | संशोधित बजेट | | | संशोधन गर्नु पर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| सि. नं | योजना | बार्षिक बजेट | सि.नं | काम | लागत अनुमान रकम रु. | | |
| १ | पार्कको काठे पुल नजिकको गेट मर्मत | १०००००.०० | १ | पार्कको काठे पुल नजिकको गेट मर्मत | १०००००.०० | यथावत कायम | साबिक |
| २ | पार्क भित्रका मुख्य ठाउमा बत्ती तथा मर्मत | २२५०००.०० | २ | पार्क भित्रका मुख्य ठाउमा बत्ती तथा मर्मत | २२५०००.०० | यथावत कायम | साबिक |
| ३ | विरेन्द्र विश्राम बाटिका भित्रको पटरा मर्मत | ८००००.०० | ३ | विरेन्द्र विश्राम बाटिका भित्रको पटरा मर्मत | ८००००.०० | यथावत कायम | साबिक |
| ४ | पार्क भित्रकी रेलिग मर्मत | १०००००.०० | ४ | पार्क भित्रकी रेलिग मर्मत | १०००००.०० | यथावत कायम | साबिक |
| ५ | निमखाली औषधि खरिद | ४००००.०० | ५ | विषादी औषधि खरिद | ४००००.०० | यथावत कायम | साबिक |
| ६ | बोट बिरुवा खरिद | २४८०००.०० | ६ | बिउ खरिद | ६१३१२.०० | बोट बिरुवाका लागि स्वीकृत भएको बजेट बढी भएको | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ७ | गेट अगाडिको पेटी रंगरोगनको काम | ९४७२०.०० | थप काम गर्नु पर्ने भएकोले | |
| | | | ८ | महेन्द्र आरोग्य गृहको क्षेत्र सरसफाको काम | ९१९६८.०० | थप काम गर्नु पर्ने भएकोले | |
| ७ | महेन्द्र आरोग्य आगाडीको बरण्डा मर्मत | १०००००.०० | ९ | बिरेन्द्र विश्राम बाटिकाको पुर्व तर्फको फोहरा मर्मतको काम | ९७९२७.०० | थप काम गर्नु पर्ने भएकोले | |
| ८ | पार्कका लागि आवश्यक समान खरिद तथा विविध मर्मत | १०७०००.०० | १० | पार्कको लागि पोलिथिन झोला विषादी खरिद | ६२६४०.०० | खर्च भएको | |
| ९ | लानमोर मेशिन खरिद | २०००००.०० | ११ | लानमोर मेशिन खरिद | ६८०००.०० | खर्च भएको | |
| | | | १२ | बिरेन्द्र विश्राम बाटिकाको सरसफाइको काम | ८३३४६.०० | थप काम गर्नु पर्ने भएकोले | |
| | | | १३ | भैरवनाथ पुजा खर्च | ३४०७३.०० | थप काम गर्नु पर्ने भएकोले | |
| | | | १४ | मोटर तथा अन्य खानेपानी संग सम्बन्धित फिटीङ्गका सामान खरिद तथा विविध मर्मत | ६१०१४.०० | थप काम गर्नु पर्ने भएकोले | |
| | **जम्मा** | **१२०००००.००** | | **जम्मा** | **१२०००००.००** | | |
| **चालु विनियोजन तर्फ** | | | **बिस्तृत खर्च तर्फ** | | | | **कैफियत** |
| **सि.नं** | **योजना** | **बार्षिक बजेट** | **सि.नं** | **काम** | **स्वीकृत बजेट रकम रु.** | | |
| १ | पार्क सरसफाईको काम (नयाँ बर्ष, दशैं, तिहारमा थप लेवर) | २५००००.०० | १ | पार्क सरसफाईको काम (तिहारमा थप लेवर) | १४९३४०.०० | | |
| २ | इन्धन खरिद | १०००००.०० | २ | इन्धन खरिद | ६००००.०० | | |
| ३ | बाख्राको मल खरिद | १२५०००.०० | ३ | पिना मल खरिद | १२५०००.०० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | सरसफाईका सामान खरिद (पार्कमा आवश्यक सानातिना सामान खरिद ) | १०००००.०० | ४ | तिहारमा पार्कमा खटिने जनशक्तिको व्यवस्थापन खर्च | १७१७५०.०० | खर्च भएको | |
| ५ | बोर्ड लेखाई तथा मर्मत | ७५०००.०० | ५ | बोर्ड लेखाई तथा मर्मत | ८४२६०.०० | खर्च भएको | |
| ६ | चालु प्रकृतिका खर्च विविध | १५००००.०० | ६ | नया बर्ष (२०७६ साल) मा पार्कमा कर्मचारी व्यवस्थापन | २०९६५०.०० | | |
| | **जम्मा** | **८०००००.००** | | **जम्मा** | **८०००००.००** | | |
| | | **२००००००.००** | | **कुल जम्मा** | **२००००००.००** | | |

**प्रस्ताव नं. ६ : निर्णय अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं. ६ :क)** यस नगरपालिकाको आ.व. ०७५/०७६ का लागि टीकापुर नगरपालिका वडा नं.१ स्थित टीकापुर बसपार्क र वडा नं. ७ स्थित सत्ती बसपार्कमा सवारी साधन प्रवेश शुल्क संकलनका लागि मिति २०७५/०३/०७ गते प्रकाशित सूचना बमोजिम पर्न आएका निवेदन मूल्याकंन समितिबाट सिफारिस भए बमोजिम स्वीकृत गरिएको र वडा नं.७ स्थित सत्ती बसपार्क र वडा नं १ स्थित मूख्य बसपार्कको लागि अलग अलग प्रस्ताव स्वीकृत गरी कार्यान्वयनमा ल्याईएकोमा एकै नगरक्षेत्रमा २ वटा स्थानमा प्रवेश शुल्क संकलन गर्दा व्यवसायीहरुले झंझट महशुस गर्नुपर्ने भएको र दोहोरो करको मर्कामा पर्नसक्ने सम्भावना देखिएकोले वडा नं. ७ स्थित सत्ति वसपार्कको ठेक्का रद्दका लागि राजश्व उपशाखाबाट मिति २०७५/०४/०७ पेश भएको टिप्पणी आदेशको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**ख)** यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा गत आ.व. २०७४/०७५ को प्रगति विवरण हेर्दा केही सूचकहरु घट्दोक्रम रहेको पाईएकोले सोबारे मासिक रुपमा स्वास्थ्य संस्था प्रमुखहरुसँग छलफल गर्नुपर्ने भएको र उक्त कार्यका लागि नियमित बैठक बैठक बस्नुपर्ने भएकोले बैठक भत्ताको लागि जनस्वास्थ्य तथा प्रबर्द्धन उपशाखाबाट मिति २०७५/०७/१६ गतेको पेश टिप्पणी आदेशको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : धरौटी रकम दाखिला तथा दरभाउपत्र स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं. ७ : क)** यस नगरपालिकाको सूचना नं.६१-०७५/०७६ बमोजिम यस नगरपालिका कृषि अर्न्तगत तथा वडा नं. २,६ र ८ को कृषि यन्त्र वितरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा कृषि यन्त्र वितरण कार्यक्रम पावर ट्रेलर खरिद सम्बन्धी कार्य सिलबन्दी दरभाउपत्रबाट खरिदका लागि सूचना गरिएको र सूचना बमोजिम पेश भएको दरभाउपत्रको मूल्याकंन गरी मूल्याकंन समितिबाट पेश भए बमोजिम धरौटी वापतको हुन आउन रकम रु.

७०,५००।- (सत्तरी हजार, पाँच सय रुपैया ) मध्ये रु. ३५,५०० ( पैतिसहजार पाँच सय रुपैया ) मात्र दाखिला गरिएको र सूचनामा प्राविधिक समस्या रही अस्पष्टता भएको देखिएकोले थप धरौटी वापत हुन आउने बाकि रु. ३५,५०० ( पैतिसहजार पाँच सय रुपैया ) बैंक दाखिला गर्न लगाई दरभाउपत्रदाताहरुको प्रभावग्राहिता तथा तुलनात्मक तालिकमा सवै भन्दा कम मूल्य रहेको नयाँ तुलसी ट्रेडलिंक प्रा.लि. टीकापुरको दरभाउ स्वीकृत गरी निजसंग सम्झौता गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**ख**) यस नगरपालिकाको सूचना नं.६२-०७५/७६ बमोजिम कृषि शाखा तथा वडा नं. २, ३, ४, ७ , ८ र सशर्त कार्यक्रम अन्तर्गत ८५ प्रतिशत अनुदानमा साना सिंचाई डिपबोरिगं जडान कार्यक्रममा बोरिगं खरिद सम्बन्धी कार्य सिलबन्दि दरभाउपत्रबाट खरिदका लागि सूचना गरिएको र सूचना बमोजिम पेश भएको दरभाउपत्रको मूल्याकंन गरी मूल्याकंन समितिबाट पेश भए बमोजिम धरौटी वापतको हुन आउन रकम रु. ५२,१८१।- ( बाउन्न हजार एक सय एकासी रुपैया )मध्ये रु. ४५,३४५ ( रु. पैतालिस हजार, तीनसय पचहत्तर ) मात्र दाखिला गरिएको र सूचनामा प्राविधिक समस्या रही अस्पष्टता भएको देखिएकोले थप धरौटी वापत हुन आउने बाकि रकम बैंक दाखिला गर्न लगाई दरभाउपत्रदाताहरुको प्रभावग्राहिता तथा तुलनात्मक तालिकमा सवै भन्दा कम मूल्य रहेको संजय ट्रेड एण्ड सप्लायर्स ,टीकापुरको दरभाउ स्वीकृत गरी निजसंग सम्झौता गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : रकम विनियोजन सम्बन्धमा ।**

**निर्णय नं. ८ : क**) यस नगरपालिका वडा नं. ८ अन्तर्गत रहेको स्वास्थ्य चौकि स्थित भवनको मूख्य ढोकामा च्यानल गेट नरहेको थुप्रै महत्वपूर्ण सामाग्रीहरुको रहेको र केही कर्मचारीहरु पनि कार्यार्थ रात्रिकालिन अवस्थामा वस्नुपर्ने भएकोले सुरक्षा व्यवस्थाका लागि उक्त भवनमा तत्काल च्यानल गेट निर्माण र ढोका मर्मत गर्नुपर्ने भएकोले लागत अनुमान बमोजिम रु.१,१५,००० ।-(एक लाख पन्ध्र हजार रुपैया ) टी.न.पा केन्द्रस्तरको आकस्मीक तथा भैपरी आउने शिर्षकबाट खर्च ब्यहोरिने गरी निर्माण कार्य अगाढि बढाउने निर्णय गरियो ।

**ख**) यस टीकापुर नगरपालिका वडा नं. २ सितापुर स्थित सितापुर स्कूल देखि करुणा स्कूल जाने बाटोमा पर्ने (नवराज सिंहको घर अगाडिको ) पक्की पुल बाढीले क्षेति भई जीर्ण भएको र मानिस तथा सवारी साधनहरु आवतजावत गर्न निकै जोखिमपुर्ण देखिएको तत्काल मर्मतका लागि लागत अनुमान बमोजिम रु. २,२१,०६२ ।- (दुई लाख एक्काईस हजार, बैसट्ठी रुपैया ) मर्मत सम्भार कोष शिर्षकबाट खर्च ब्यहोरिने गरी निर्माण कार्य अगाढि बढाउने निर्णय गरियो ।

**ग**) यस टीकापुर नगरपालिकाको जिन्सी सामग्री लिलाम ,मिनाह तथा कागजात ब्यवस्थापन गर्नका लागि त्यस प्रकृतिका सामाग्रीहरुको विवरण एकिन गरी लिलाम , मिनाह तथा धुल्याउनुपर्ने सामाग्रीहरुको विवरण तयार गर्ने प्रयोजनार्थ मिति २०७५ /१२/०१ गतेको कार्यपालिकाको बैठकबाट गठित समितिले उक्त ब्यवस्थापनका लागि जनशक्ति प्रयोग गर्नुपर्ने र अस्थायी रुपमा सामाग्री ब्यवस्थापनका लागि संरचना तयार गर्न लाग्ने रकमको आवश्यक

व्यवस्था गरिपाउं भनि पेश गरेको निवेदनका सम्बन्धमा छलफलगर्दा थप लाग्ने जनशक्ति ( लेवर) वापत हुन आउने रु.१,१२,३००।-(एक लाख, बाह्हजार तीन सय रुपैया ) कार्यक्रम खर्च भैपरी आउने तथा आकस्मिक शिर्षकबाट उपलब्ध गराउने र अस्थायी संरचना निर्माणको हकमा भने नगरपालिकाको स्वीकृत कार्यक्रम बमोजिम भण्डार कक्ष यथाशिघ्र निर्माण गरी प्रयोगमा ल्याउने निर्णय गरियो ।

घ) जिल्ला कैलाली लम्की चुहा नगरपालिका वडा नं. १ बस्ने तेस्रोलिंगीको नागरिकता प्राप्त मोनिका शाहीले औषधिउपचारका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि मिति २०७५/०७/१४ गते यस कार्यालयमा निवेदन पेश गरेकोमा तेस्रो लिंगी महिलालाई प्रोत्साहन स्वरुप रु. उपचार वापत आर्थिक सहायता रु. २५०००।-(पच्चीस हजार रुपैया ) उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : राहत सम्बन्धमा ।**

**निर्णय नं. ९ :** यस टीकापुर नगर कार्यपालिकाको मिति २०७५/०२/१८ गतेको बैठकको निर्णय नं १५ बमोजिम मिति २०७५/१२/२३ गते आएको हावाहुरी बतासबाट ब्यक्तिहरुको घर, कृषिबाली नष्ट भएको तथा कृषि सेडहरु उडाएर क्षति भएको र जंगली जनावरको आक्रमणबाट क्षति भएकोले राहतका लागि यस नगरपालिका कार्यालयमा पेश भएका निवेदन सम्बन्धमा अध्ययन गरी विपद् ब्यवस्थापन उपशाखाबाट मिति २०७६/०१/१५ गते पेश गरिएको विवरण बमोजिमका आंशिक क्षति मानेर प्रति ब्यक्ति रु. ५०००।- ( पांचहजार) जम्मा ६२ जनालाई रु. ३,१०,०००।- ( तीन लाख दश हजार रुपैया ) उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : अवलोकन भ्रमण सम्बन्धमा ।**

**निर्णय नं. १०:** यस नगरपालिकाका कार्यपालिकाका पदाधिकारी र कर्मचारीहरुको अन्य नगरपालिकाबाट भए गरेका राम्रा अनुकरणीय कार्यहरु, विकास निर्माणका कार्य र अन्य अभ्यासहरुलाई समेत अध्ययन गर्न संयुक्त अवलोकन भ्रमणका लागि नगर प्रमुखको सचिवालयबाट पेश गरिएको प्रस्तावना स्वीकृत गर्ने साथै भ्रमणको मिति २०७६/०१/१९ गते देखि एक हप्ते अवधि रहने र स्थानको हकमा बुटवल, पाल्पा, वालिगं , पोखरा, मुस्ताङ सम्मको भ्रमण गर्ने निर्णय गरियो ।

नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. ११ :- कार्यक्रम संचालनको खर्चविधि सम्बन्धमा ।**

**निर्णय नं. ११ :** - यस टीकापुर नगरपालिका भित्र संचालित मिडिया मार्फत सन्देशमूलक लोककल्याणकारी सूचना सन्देश प्रवाह कार्यक्रमका लागि यस चालु आ.व. ०७५/०७६ का लागि विनियोजित बजेट खर्च सम्बन्धमा यस नगरपालिका कार्यालयको मिति २०७६/०१/१६ गतेको निर्णय बमोजिम कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ :अस्थायी क्रसर स्थापना सम्बन्धमा ।**

**निर्णय नं. १२ :** जे.भी र पुल योजना मश्चिम क्षेत्र सेक्टर नं. ३, पुल महाशाखा बीच सम्झौता भएको ठेक्का नं.BBPCU -3371574-DB-073/074-026,Design and build of kandra River behaind Trishakti Bhajani Na.Pa Bijuliya Gaun, Kailali अनुसारको निर्माणाधिन पुलका लागि आवश्यक गिट्टि, बालुवा लगायत निर्माण सामाग्रीहरु ब्यवस्थापन गर्न ए.एन. के.नार्गाजुनले वडा नं. ८ मा अस्थायी क्रसर उद्योग संचालनका लागि अनुमति पाउँ भनि पेश भएको निवेदनको सम्बन्धमा थप अध्ययन गर्नुपर्ने देखिएकोले थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३ : अब्यवस्थित रुपमा रहेका पसल ,ठेला , निर्माण सामाग्री लगायतको ब्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. १३ :-** यस नगरपालिकाको विभिन्न क्षेत्र तथा बजार क्षेत्रभित्र सार्वजनिक जग्गा तथा सडक छेउ वरीपरि अब्यवस्थित रुममा ब्यापार ब्यवसाय गर्ने, ठेला ब्यवसाय गर्ने निर्माण सामाग्री राख्ने गरेको पाईएकोले सडकहरुमा दुर्घटनाको सम्भावना रहेको र छेउछाउमा जथाभावी ब्यापार , ब्यवसाय गर्दा नगरपालिकाको बजार ब्यवस्थापनमा कठिनाई परिरहेको र यसबाट दीर्घकालिन समस्या समेत सृजना हुन जाने देखिएको हुँदा त्यस किसिमको ब्यापार ब्यवसाय नगर्न , निर्माण सामाग्रीहरु जथाभावी नराख्न सम्बन्धित सवैलाई जानकारी गराउने र सो विपरित गरेको पाईएमा नियमानुसार कार्वाही अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १४ :- ठेक्का प्रक्रियाबाट बचत हुन आएको रकम सम्बन्धमा ।**

**निर्णय नं. १४ :** - यस नगरपालिका भित्र आ.व. ०७५/०७६ मा स्वीकृत भएका तपसिलका विभिन्न योजनाहरु हाल ठेक्का प्रकृयाबाट संचालन भएको र उक्त योजनाहरुको ठेक्का प्रतिस्पर्धाबाट घटाघट भई वचत हुन आएको रकम सम्बन्धीत योजनाको थप कार्यको लागि लागत अनुमान तयार गरी खर्च गर्ने र उक्त रकम रु. १० लाख भन्दा घटीको भएका उपभोक्ता समिति गठन गरी उक्त समिति मार्फत र १० लाख भन्दा बढी रकमको भएमा ठेक्का प्रकृया मार्फत संचालन गर्ने निर्णय गरियो ।

नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

तपसिल :

| क्र.स | ठेक्का नं | आयोजनाको नाम | सम्झौता रकम (भ्याट सहित) | बचत रकम |
|---|---|---|---|---|
| १ | ०७/२०७५/०७६ | सामुदायिक सुरक्षित उच्च भवन निर्माण, वार्ड नं ७ प्रतिपुर | ९२४९६१।५८ | ४४००३८।४२ |
| २ | ०८/२०७५/७६ | सामुदायिक सुरक्षित उच्च भवन निर्माण, वार्ड नं ६ भर्तापुर | ९०८४४८।३३ | ४५६५५१।६७ |
| ३ | ०५/२०७४/०७५ | वार्ड नं ५ , नुक्लिपुर स्थित टिकापुर बंगला पार्क को हाता भित्र मुख्य प्रवेश द्वार निर्माण कार्य ( भेरिएसन सहितको संसोधित लागत अनुमान ) | ६१७९१७१।६९ | ११६०२७७।८५ |
| ४ | ०६/०७५-०७६ | सूर्यपुर देखि वडा कार्यालय सम्म सडक कालो पत्रे (वडा नं. ८) | २६०४१९५।४५ | १९९९७७६।६३ |
| | | कुल जम्मा रु. | १०६१६७७७।०५ | ४०५६६४४।५७ |

**प्रस्ताव नं. १५ : -कृषि यान्त्रीकरणका लागि Custom Hiring Center स्थापना सम्बन्धमा ।**

**निर्णय नं. १५ :** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, धनगढी कैलालीको प.सं. २०७५/०७६, च.नं.११४९, मिति २०७५/१२/०८ को पत्रानुसार यस नगरपालिकामामा एउटा कस्टम हाईरिंग सेन्टर स्थापना तथां संचालन गर्नका लागि साझेदारी कार्यक्रम अन्तर्गत कार्यक्रम राखिएकोमा यस नगरपालिकाको वडा नं. ८ स्थित धनसिंहपुर कृषि सहकारी संस्था लिमिटेड मार्फत संचालन हुनेगरी कृषि यान्त्रिकरणका लागि साझेदारीमा कष्टम हाईरिगं सेन्टर स्थापना तथा संचालन कार्यविधि, २०७५ बमोजिम उक्त योजनाको लागत ईष्टिमेट बमोजिम हुन आउने रकम यस नगरपालिकाको तर्फबाट लागत सहभागिता ब्यहोर्ने गरि कार्य अगाढि बढाउन अनुरोध गर्ने निर्णय गरियो ।

नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल